कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ अंक: १८८ वि.सं. २०८३ कार्तिक ९ सोमवार नेपाल संवत्: ११४६, असोज शुक्ल पूर्णिमा Monday 26 October 2026 yugaawhan@gmail.com पृष्ठ: ४+८ मूल्य: ५ ।-

जुम्लाबाट आधा अर्बको स्याउ निर्यात



युग संवाददाता
ओम शाही
सुर्खेत, ८ कार्तिक ।

जुम्लाबाट सात हजारभन्दा बढी मेट्रिकटन स्याउ निर्यात भएको छ। कृषि विकास कार्यालयको तथ्यांकअनुसार जिल्लामा उत्पादन भएको स्याउ हालसम्म करिब सात हजार ३३० मेट्रिकटन बाहिरी जिल्लामा गएको छ।

कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जिल्लामा करिब १९ हजार ५०० मेट्रिकटन स्याउ उत्पादन भई ५५ करोड रुपैयाँ बराबरको कारोबार हुने अनुमान गरिएको जानकारी दिए। हाल प्रतिकेजी न्यूनतम ७५ रुपैयाँमा स्थानीय बर्गैचाबाट किसानले स्याउ बिक्री गरिरहेका छन्।

तातोपानी गाउँपालिका-६ स्थित बाँजारावलामा सात हजार १४० रोपनी क्षेत्रफलमा भएको सामूहिक स्याउखेतीबाट मात्र ३४ मेट्रिकटन स्याउ उत्पादन भएको छ।

जसबाट मात्र ३० लाख बराबरको स्याउ बिक्री भएको कार्यालय प्रमुख अधिकारीको भनाइ छ।

जुम्लामा झण्डै चार हजार ६०५ हेक्टर अर्थात् ९२ हजार ८० रोपनी क्षेत्रफलमा स्याउखेती हुने गरेको छ।

चालु आवमा झण्डै १०८ हेक्टर अर्थात् दुई हजार १६० रोपनी थप क्षेत्रफलमा स्याउखेती विस्तार गरिने लक्ष्य कार्यालयले लिएको कार्यालय प्रमुख अधिकारीले बताए।

उच्च जातको फुजी स्याउको खेती भने जम्मा ५२ हेक्टर क्षेत्रफलमा भएको छ। यस वर्ष ४९ हेक्टरमा मात्र फुजी स्याउ फलेको कृषि कार्यालयले जनाएको छ। यसैगरी, रेड डेलिसेस, रोयल डेलिसेस, गोल्डेन, रिचा रेड, जनाथन, स्पोरलगायत स्थानीय जातका स्याउको खेती भई बिक्रीवितरण भइरहेको कृषि कार्यालयले जनाएको छ।

केही स्याउ व्यापारीले कोल्ड स्टोरका साथै घरमा पनि स्याउ राखेकाले निर्यात र रकम बढ्न सक्ने अनुमान गरिएको छ। कार्यालयका अनुसार यहाँका आठवटै स्थानीय तहका करिब १९ हजार घरधुरी स्याउखेतीमै निर्भर रहेको जनाएको छ।

यो वर्ष भारतबाट आउने स्याउ नेपालमा बन्द भएपछि जुम्लाको स्याउले बजार राम्रो पाएको छ। जिल्लाबाट एक हजार ५०० कार्टुन स्याउ खरिद गरी नेपालगञ्जमा बिक्री गरेको हिमा गाउँपालिकाका स्थानीय स्याउ व्यापारी माया रोकायाले जानकारी दिए।

किसान र उत्पादन क्षेत्रमा वृद्धि

जुम्लामा स्याउ खेती गर्ने किसानको संख्या अहिले १८ हजार तीन सय १५ पुगेको छ। दुई वर्षअघिको तुलनामा किसानको संख्या २६.३१ प्रतिशतले बढेको हो। आर्थिक वर्ष २०८२/८३ मा जुम्लामा १८ हजार दुई सय ४५ मेट्रिकटन स्याउ उत्पादन भएको कृषि विकास कार्यालय जुम्लाको तथ्यांक छ। चालु आर्थिक वर्षमा उत्पादन १९ हजार पाँच सय मेट्रिकटन पुग्ने अनुमान गरिएको जिल्ला कृषि विकास कार्यालय जुम्लाका सूचना अधिकारी दीपक सिंह धामी बताउँछन्।

खेतीको क्षेत्रफल पनि बढिरहेको छ। आर्थिक वर्ष २०७८/७९ मा तीन हजार आठ सय २५ हेक्टर रहेको स्याउ खेतीको क्षेत्रफल गत आर्थिक वर्षसम्म चार हजार चार सय ४५ हेक्टर पुगेको छ। चालु आर्थिक वर्षमा यो क्षेत्रफल चार हजार छ सय चार हेक्टर पुग्ने अनुमान गरिएको छ।

आर्थिक वर्ष २०७८/७९ मा १३ हजार सात सय मेट्रिकटन रहेको उत्पादन २०८०/८१ मा २१ हजार मेट्रिकटनसम्म पुगेको थियो। त्यसपछि उत्पादन घट्दै २०८१/८२ मा १९ हजार आठ सय ४० र २०८२/८३ मा १८ हजार दुई सय ४५ मेट्रिकटनमा झरेको छ। कृषि विकास कार्यालयका सूचना अधिकारी धामीका अनुसार बर्गैचामा उत्पादन गर्ने किसान बढेका छन्। तर, उत्पादनअघि बर्गैचाको व्यवस्थापन र उत्पादनपछि स्याउलाई सुरक्षित राख्ने, गुणस्तरअनुसार छुट्याउने, प्रशोधन गर्ने र बजारमा उचित मूल्यमा पुऱ्याउने पूर्वाधार भने सोही अनुपातमा विस्तार हुन सकेको छैन।

उनी भन्छन्, 'जलवायु परिवर्तनका कारण स्याउमा विभिन्न रोग र किराहरूको संक्रमण बढ्दै गएको छ। विशेषगरी टेन्ट केटरपिलर र पाउडरी मिल्ड्यूजस्ता समस्या स्याउमा देखिन थालेका छन्, जसले क्षेत्रफल बढे पनि उत्पादकत्वमा चुनौती थपेको छ।'

उत्पादनअघि बर्गैचाको व्यवस्थापन र उत्पादनपछि स्याउलाई सुरक्षित राख्ने, गुणस्तरअनुसार छुट्याउने, प्रशोधन गर्ने र बजारमा उचित मूल्यमा पुऱ्याउने पूर्वाधार भने सोही अनुपातमा विस्तार हुन सकेको छैन। स्याउका रूखमा झ्याउ लाग्ने समस्या पनि बढिरहेको छ। अनिश्चित वर्षा र मौसमी चक्रमा परिवर्तन हुँदा समयमा पानी नपर्ने तर, बेमौसममा धेरै पानी पर्ने समस्याले स्याउ खेतीलाई निकै असर गरिरहेको छ। यस्तै, स्याउको फूल फुल्ने संवेदनशील समयमा तुसारो पर्ने, असिना आउने वा धेरै पानी पर्ने हुनाले उत्पादनमा प्रत्यक्ष नकारात्मक असर परिरहेको किसानको गुनासो छ।

जिल्ला कृषि विकास कार्यालयले उन्नत जातका बोटमा अनुदान, आधुनिक कृषि औजार, जलवायु अनुकूलन खेती प्रणाली, प्याकेजिङ र ढुवानीमा अनुदानलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ। जुम्लामा स्याउ उत्पादन बढ्दै गएसँगै यसको सुरक्षित भण्डारण र वर्षभरि बजारमा पुऱ्याउने सम्भावनासमेत विस्तार हुँदै गएको छ। कृषि विकास कार्यालयका अनुसार जिल्लामा अहिले एक हजार पाँच सय मेट्रिकटन क्षमताको एउटा र साना क्षमताका ५१ वटा प्रिफ्याब कोल्ड स्टोर (चिस्यान केन्द्र) सञ्चालनमा छन्। यी संरचनाले जुम्लाको स्याउलाई उत्पादनको मौसममै बिक्री गर्नुपर्ने बाध्यताबाट क्रमशः बाहिर निकाल्दै वर्षभरि बजारमा पुऱ्याउने आधार तयार गरिरहेका छन्। चिस्यान केन्द्रमा प्रदेश सरकारको ३० प्रतिशतभन्दा बढी लगानी छ। चन्दननाथ नगरपालिकामा रहेको कैलाश चिस्यान केन्द्रमा प्रदेश सरकारले ९२ लाख रुपैयाँ लगानी गरेको छ। चिस्यान केन्द्र निर्माण तथा सञ्चालनमा जुम्लाका स्थानीय तह र विकास साझेदारले समेत ठूलो लगानी गरेका छन्। कार्यालय प्रमुख रामभक्त अधिकारीका अनुसार कुल उत्पादन २० हजार मेट्रिकटनभन्दा बढी हुने जिल्लामा हाल भण्डारण क्षमता भने निकै कम रहेको छ। उत्पादन र भण्डारण क्षमताबीचको यो अन्तरले जुम्लामा स्याउको शीत भण्डारण पूर्वाधार विस्तारका लागि ठूलो सम्भावना देखाउँछ।

पर्याप्त चिस्यान केन्द्र थपिएमा किसानले सिजनमै सबै स्याउ बिक्री गर्नुपर्ने अवस्था अन्त्य हुँदै जानेछ। पर्याप्त कोल्ड स्टोर निर्माण गर्न सके तीन महिनाको मौसमी उत्पादनलाई वर्षभरि क्रमिक रूपमा बजारमा पुऱ्याउन सकिने सम्भावना रहेको अधिकारीको भनाइ छ। उत्पादन बढेसँगै स्याउको आकार, रङ र गुणस्तरअनुसार वर्गीकरण अर्थात् ग्रेडिङ गर्ने अभ्यास विस्तार गर्न सके बजारमा यसको मूल्य र पहिचान दुवै बढाउन सकिने अवस्था छ। हाल जुम्लामा ग्रेडिङ गर्ने अभ्यास अत्यन्त न्यून छ। अधिकांश किसानले सबैखाले स्याउ एउटै मूल्यमा बिक्री गर्दै आएका छन्। कम गुणस्तरका स्याउ बिक्री नहुने डरले किसानले ग्रेडिङ गर्न नचाहने अवस्था पनि छ। यसको असर राम्रो गुणस्तरका स्याउमा समेत पर्ने गरेको छ। बजारमा एकरूप गुणस्तरको आपूर्ति हुन सके जुम्ली स्याउले प्रिमियम ब्रान्डको पहिचान बनाउन सक्ने सम्भावना पनि उत्तिकै छ। उत्पादन, शीत भण्डारण, ग्रेडिङ र प्याकेजिङलाई एउटै प्रणालीमा जोड्न सके जुम्लाको स्याउले मौसमी कृषि उपजबाट वर्षभरि बजारमा उपलब्ध हुने उच्च मूल्यको व्यावसायिक उत्पादनको रूप लिन सक्छ।

दसैंको समयमा कर्णालीमा ६५ वटा सवारी दुर्घटना, ६ जनाको मृत्यु

युग संवाददाता
सुर्खेत, ८ कार्तिक ।

दसैंको अवधिमा कर्णाली प्रदेशमा ६५ वटा सवारी दुर्घटना भएका छन्। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका अनुसार, घटस्थापनाको दिन (असोज २५) देखि हालसम्म यी दुर्घटनाहरू भएका हुन्। दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ भने १०४ जना घाइते भएका छन्।

जिल्लागत रूपमा सुर्खेतमा ३१ वटा सवारी दुर्घटना हुँदा ६४ जना घाइते भएका छन्। रुकुम पश्चिममा १४ वटा सवारी दुर्घटना हुँदा १४ जना घाइते भएका छन् भने जाजरकोटमा ६ वटा सवारी दुर्घटना हुँदा ४ जनाको मृत्यु र ६ जना घाइते भएका छन्।

यस्तै, जुम्ला र हुम्लामा भएका १/१ वटा सवारी दुर्घटनामा १/१ जनाकै मृत्यु भएको छ। बाँकी जिल्लामा सवारी दुर्घटना धेरै भए पनि मृतक सङ्ख्या छैन।

सल्यानमा ६ वटा गाडी दुर्घटना हुँदा १३, दैलेखमा ५ वटा गाडी दुर्घटनामा परी ९ र डोल्पामा १ वटा सवारी दुर्घटनामा एकै जना घाइते भएका छन्। कालिकोट र मुगुमा यो वर्ष सवारी दुर्घटना नभएको प्रदेश ट्राफिकका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक हरिबहादुर बिसीले रातोपाटीलाई बताए।

गत वर्षको दसैंको अवधिको तुलनामा यो वर्ष मानवीय क्षति भएन।

उनका अनुसार, गत वर्ष दसैंको अवधिमा १५५ जना घाइते भएका थिए भने ७ जनाको मृत्यु भएको थियो। १ हजार ३३८ वटा सवारी कारबाही, १२ लाख राजस्व सङ्कलन ट्राफिक प्रहरीका अनुसार, दसैंका समयमा नियम उल्लङ्घन गर्ने १ हजार ३३८ वटा सवारी साधनलाई कारबाही गरिएको छ। जसबाट १२ लाख २५ हजार राजस्व सङ्कलन भएको छ। यस्तै, २४६ जना मापसे कारबाहीमा परेका छन्।

सूचना प्रविधि प्रयोगशाला



युग संवाददाता
काठमाडौं, ८ कार्तिक ।

मुलुकभर सञ्चालित सामुदायिक विद्यालयमध्ये २९ दशमलव ६ प्रतिशत सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (आइसिटी ल्याब) स्थापना भएको छ। विसं २०७७ देखि सञ्चालित 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' अन्तर्गत चार हजार ६०८ विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (आइसिटी ल्याब) निर्माण भएको हो। शिक्षा तथा खेलकुद मन्त्रालयको वार्षिक प्रतिवेदन, २०८२।०८३ का अनुसार पूर्वाधार विकास र सूचना प्रविधिको विस्तारले शैक्षिक गुणस्तर वृद्धिमा योगदान पुगेको छ। यस्तै वैकल्पिक स्रोतबाट ६९ दशमलव ६ प्रतिशत विद्यालयमा विद्युत् पहुँच पुगेको छ । सामुदायिक विद्यालयमध्ये ८५ दशमलव ४ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधा पुगेको देखिएको छ। पछिल्लो वर्षको तथ्याङ्क अनुसार हाल मुलुकभर ३५ हजार ९५१ विद्यालयमध्ये धार्मिक प्रकृतिका सहित २७ हजार १० सामुदायिक विद्यालय रहेका छन्।



बाढी प्रभावित ६७ बालबालिकाका लागि ललितपुरमा आवासीय विद्यालय खोलिँदै

युग संवाददाता

काठमाडौं, ८ कार्तिक ।

भोटेकोशी रसुवा बाढीबाट प्रभावित रसुवाको हाकुबेसी आधारभूत विद्यालयका ६७ जना बालबालिकाको शिक्षामा निरन्तरता सुनिश्चित गर्न महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले ललितपुरमा आवासीय सुविधासहितको अस्थायी विद्यालय सञ्चालनमा ल्याउने भएको छ।

बाढीका कारण नियमित पठनपाठन अवरुद्ध भएपछि विस्थापित बालबालिकाको शिक्षा, आवास, स्वास्थ्य, दैनिक हेरचाह र संरक्षण सुनिश्चित गर्न मन्त्रालयको पहलमा कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

यससम्बन्धी कार्यक्रम सञ्चालनका लागि शुक्रबार मन्त्रालय र पुनर्निर्माण अभियान नेपालबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। मन्त्री सिता बादीको उपस्थितिमा सम्पन्न समझदारीअनुसार २०८३ सालको कात्तिकदेखि चैत मसान्तसम्म ललितपुरको गोदावरी नगरपालिकाभित्र अस्थायी विद्यालय सञ्चालन गरिनेछ।

विद्यालयमा कक्षा १ देखि ८ सम्म अध्ययनरत ६७ जना बालबालिकाको नियमित पठनपाठनसँगै आवास, खानपान, स्वास्थ्य उपचार, दैनिक हेरचाह र सुरक्षाको व्यवस्था गरिनेछ।

भदौ १० गते आएको बाढीका कारण हाकुबेसी आधारभूत विद्यालयको नियमित पठनपाठन अवरुद्ध भएपछि बालबालिकाको शैक्षिक भविष्य प्रभावित हुन नदिन आवासीय व्यवस्थासहितको अस्थायी विद्यालय सञ्चालन गर्ने प्रक्रिया अघि बढाइएको हो।

सुन्दरीजललगायतका स्थानमा आश्रय लिइरहेका बाढी प्रभावित बालबालिकालाई अस्थायी आश्रयमा मात्र सीमित नराखी नियमित शिक्षा र सुरक्षित हेरचाहको व्यवस्था गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

आमाछोदिङमो गाउँपालिकाको २१औँ विशेष गाउँसभाले असोज १८ गते यससम्बन्धी निर्णय गरेको थियो। त्यसपछि मन्त्रालयले असोज २० गते कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान गरेको थियो।

प्राप्त प्रस्तावमध्ये पुनर्निर्माण अभियान नेपालले पेस गरेको प्रस्तावका आधारमा कार्यक्रम कार्यान्वयनको प्रक्रिया अघि बढाइएको मन्त्रालय र संस्थाबीचको समझदारीपत्रमा उल्लेख छ।

समझदारीपत्रमा मन्त्रालयका तर्फबाट निमित्त सचिव विपीन आचार्य र पुनर्निर्माण अभियान नेपालका तर्फबाट उपाध्यक्ष युवराज शर्मा शिवाकोटीले हस्ताक्षर गरेका छन्।

समझदारीपत्रमा शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव शङ्कर अधिकारी, आमाछोदिङमो गाउँपालिकाका प्रमुख बुचुङ तामाङ, गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन र हाकुबेसी आधारभूत विद्यालयका प्रधानाध्यापक कार्बो तामाङ रोहबरमा रहेका थिए।

शिक्षा, आवास र संरक्षणको जिम्मेवारी बाँडफाँट

कार्यक्रम सञ्चालनको जिम्मेवारी पाएको पुनर्निर्माण अभियान नेपालले स्वीकृत प्रस्ताव तथा कार्ययोजनाअनुसार आवश्यक आर्थिक स्रोत, जनशक्ति र भौतिक सामग्रीको व्यवस्था गरी बालबालिकाका लागि सुरक्षित आवास, पोषण, सरसफाइ, स्वास्थ्य उपचार तथा दैनिक हेरचाहका सेवा उपलब्ध गराउनेछ।

कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्च संस्थाले आफ्नै स्रोतबाट व्यहोर्ने समझदारीपत्रमा उल्लेख छ।

मन्त्रालयले कार्यक्रमको समग्र समन्वय, सहजीकरण, अनुगमन तथा निरीक्षण गर्नेछ।

बालबालिकाको सुरक्षा र संरक्षण सुनिश्चित गर्न आवश्यक निर्देशन दिने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सरकारी निकाय र स्थानीय तहबीच समन्वय गर्ने जिम्मेवारी पनि मन्त्रालयले लिएको छ।

राष्ट्रिय बाल अधिकार परिषद्मार्फत कार्यक्रमको अनुगमन तथा निरीक्षणसमेत गरिनेछ।

नेपाल आर्थिक मन्दीमा गएको हो ?



जनक शाह

> **उच्च मुद्रास्फीति, वास्तविक आम्दानीमा भएको सुस्त वृद्धि र रोजगारीका अवसरहरूको कमीले गर्दा आम उपभोक्ताले आफ्नो क्रयशक्ति गुमाएका छन्।**

हालैका वर्षहरूमा नेपाली अर्थतन्त्रले जुन गहिरो आर्थिक शिथिलता, सुस्त बजार गतिशीलता र संरचनागत अवरोधहरूको सामना गरिरहेको छ, यसले नीति निर्माता, अर्थशास्त्री, उद्यमी र सर्वसाधारण नागरिकमा गम्भीर चिन्ता पैदा गरेको छ। लामो समयदेखि उपभोग्य वस्तुको मागमा आएको निरन्तर कमी, उत्पादनमूलक उद्योगहरूको क्षमता उपयोगमा आएको भारी ह्रास, बैंकिङ क्षेत्रमा थुप्रिएको अधिक तरलता (Excess Liquidity) तथा निजी क्षेत्रको मनोबलमा आएको व्यापक गिरावटले नेपालको अर्थतन्त्र प्राविधिक मन्दी (Recession) को घेरामा छ वा दीर्घकालीन आर्थिक शिथिलता (Economic Stagnation) बाट गुज्रिरहेको छ भन्ने विषयमा बहस हुनु जरुरी छ।

यस पृष्ठभूमिमा नेपालको वर्तमान आर्थिक स्थितिका विभिन्न प्रवृत्तिहरू प्रवृत्तिहरूको विश्लेषण, अन्तर्निहित संरचनागत कारणहरू, यसले अर्थतन्त्रमा पारेको दीर्घकालीन असर र समाधानका मार्गहरू पहिल्याउनु अपरिहार्य भएको छ ।

उपभोगमा आएको संकुचन र उत्पादनमूलक उद्योगहरूको दयनीय अवस्था

अर्थतन्त्रको मेरुदण्ड मानिने उपभोग (Consumption) र उत्पादन क्षेत्र गहिरो दबाबमा छन्। अर्थतन्त्रको समग्र माग (Aggregate Demand) लाई ड्राइभ गर्ने मुख्य आधार भनेको उपभोग (Consumption) हो। तर, पछिल्लो समय रेमिट्यान्स आप्रवाहमा केही कीर्तिमान वृद्धि देखिए पनि यसले आन्तरिक उत्पादनशील क्षेत्रलाई चलायमान बनाउन सकेको छैन।

रेमिट्यान्सको ठुलो हिस्सा दैनिक उपभोग्य वस्तुको आयात, शिक्षा र वैदेशिक रोजगारीको खर्चमा मात्र सीमित हुँदा त्यसको गुणित प्रभाव (Multiplier Effect) आन्तरिक बजारमा देखिएको छैन। रेमिट्यान्स बाह्य क्षेत्रको सन्तुलनमा मात्र सीमित रह्यो ।

उद्योगहरूको उत्पादन क्षमतामा भारी गिरावट आएको छ । सिमेन्ट, स्टिल, छड, टेक्सटाइल, जुत्ता तथा छाला र विभिन्न (छिटो खपत हुने उपभोक्ता वस्तु) फास्ट मुभिङ कन्ज्युमर गुड्स (FMCG) जस्ता प्रमुख उत्पादनमूलक उद्योगहरूले आफ्नो कुल स्थापित क्षमताको ३० देखि ४० प्रतिशतभन्दा बढीमा सञ्चालन गर्न सकेका छैनन्। माग नभएपछि उत्पादन घटाउनु परेको र धेरै उद्योगहरू घाटामा चल्न बाध्य भएको उद्योगीहरूको साझा गुनासो छ।

उच्च मुद्रास्फीति, वास्तविक आम्दानीमा भएको सुस्त वृद्धि र रोजगारीका अवसरहरूको कमीले गर्दा आम उपभोक्ताले आफ्नो क्रयशक्ति गुमाएका छन्। आम उपभोक्ताले आफ्नो उपभोग खर्च कटौती गरेका छन् । फलस्वरूप, चाडपर्व वा विशेष अवसरहरूमा समेत बजारमा जुन प्रकारको

बैंकिङ प्रणालीमा अधिक तरलता र लगानीको गहिरो विरोधाभास

नेपाली अर्थतन्त्रले भोगिरहेको वर्तमान सङ्कटको सबैभन्दा अनौठो र विरोधाभास पक्ष भनेको बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त लगानीयोग्य पुँजी (ष्ब्रगष्मष्तथ) को थुप्रिनु, तर उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तार हुन नसक्नु हो।

बैंकहरूमा निक्षेपको थुप्रो लागेपछि ब्याजदर घटेर एकल अङ्कमा झरेको छ। आर्थिक सिद्धान्तअनुसार कम ब्याजदरले नयाँ लगानी र कर्जा प्रवाह बढाउनुपर्ने हो।

तर, बजारमा मागको गहिरो अनिश्चितता, भविष्यप्रतिको निराशा र उद्यमीहरूको जोखिम बहन गर्ने क्षमता (Risk–taking Appetite) खस्किएका कारण व्यवसायीहरू नयाँ ऋण लिएर जोखिम मोल्न तयार छैनन्। कम ब्याजदरको प्रभावहीनता देखिएको छ ।

निष्क्रिय कर्जा (NPL) को उकालो यात्रा निरन्तर रहेको छ । बजारको सुस्तताका कारण ऋणीहरूले समयमै साँवा र ब्याज तिर्न नसक्दा बैंक तथा वित्तीय संस्थाहरूमा निष्क्रिय कर्जा वा खराब कर्जाको मात्रा चिन्ताजनक रूपमा बढेको छ। यसले वित्तीय मध्यस्थतालाई कमजोर बनाउनुका साथै बैंकहरूको नाफा र वित्तीय स्वास्थ्यमा समेत प्रत्यक्ष असर पारेको छ।

निजी क्षेत्रको खस्किएको मनोबल र नीतिगत अनिश्चितता

निजी क्षेत्रलाई अर्थतन्त्रको इन्जिन (Engine of Growth) मानिन्छ। कुल गार्हस्थ उत्पादन र रोजगारी सिर्जनामा ८० प्रतिशतभन्दा बढी योगदान पुऱ्याउने निजी क्षेत्रको मनोबल अहिले अत्यधिक खस्किएको छ। नीतिगत अनिश्चितता, कर प्रणालीका जटिलताहरू, बजारमा देखिएको तरलता व्यवस्थापनका समस्या र भुक्तानी सन्तुलनका बेला देखिएका नियन्त्रणमुखी नीतिहरूले निजी क्षेत्रको आत्मविश्वासमा ठुलो धक्का पुऱ्याएको छ।

उद्यमी तथा व्यवसायीहरू नयाँ परियोजना वा उद्योगमा पुँजी लगानी गर्नुको सट्टा भएको व्यवसायलाई जोगाउने र पुँजीको सुरक्षा गर्ने (Defensive Strategy) सुरक्षात्मक रणनीतिको अवस्थामा पुगेका छन्।

लगानीमा सुस्तता देखिएको छ । नीतिगत अस्थिरता, कर प्रशासनका जटिल प्रक्रियाहरू, नियमनकारी निकायहरूको दोहोरो मापदण्ड र बजारमा देखिएको अविश्वासले निजी क्षेत्रलाई हतोत्साहित बनाएको छ।

अर्थतन्त्र बौद्धिक तथा श्रम पलायनको प्रवृत्ति गहिरिएको छ ।

आन्तरिक श्रम बजारमा रोजगारीका अवसरहरू खुम्चिँदै जाँदा नेपालका लाखौं युवाहरू र दक्ष जनशक्तिहरू (इन्जिनियर, डाक्टर, प्राविधिक तथा व्यवस्थापकहरू) अध्ययन र रोजगारीका लागि बिदेसिने क्रमले चरम रूप लिएको छ। यसले एकातिर श्रम बजारमा उत्पादक जनशक्ति अभाव गराएको छ भने अर्कोतिर दीर्घकालीन उत्पादकत्वमा अपूरणीय क्षति पुऱ्याइरहेको छ।

आर्थिक मन्दी (Recession) र आर्थिक शिथिलता (क्तबनलबतष्यल) बिचको प्राविधिक बहस

अर्थशास्त्रको शास्त्रीय र प्राविधिक परिभाषा अनुसार लगातार दुई वा बढी त्रैमासिकसम्म कुल गार्हस्थ उत्पादन जीडीपी) को वृद्धिदर ऋणात्मक हुनुलाई मात्र 'मन्दी' भनिन्छ।

नेपालको सन्दर्भमा वार्षिक कुल गार्हस्थ उत्पादनको वृद्धिदर न्यून मात्रामा भए पनि धनात्मक नै रहेको कारण धेरैजसो सरकारी निकायहरू र केही अर्थविद्हरू देश 'मन्दीमा गएको छ' भनिहाल्न हिचकिचाउँछन्।

तर, अर्थशास्त्रीय परिभाषा जे भए पनि, धरातलीय यथार्थ के हो भने नेपालले वर्तमानमा 'आर्थिक शिथिलता र चक्रीय मन्दीको सम्मिश्रण' (Stagnation with Cyclical Slump) को अत्यन्त गम्भीर चरण पार गरिरहेको छ, जसको असर सर्वसाधारणको जीवनस्तर र व्यवसायमा मन्दीकै सरह महसुस भइरहेको छ।

सर्वसाधारण नागरिकका लागि रोजगार गुम्नु, आम्दानी घट्नु र व्यवसाय टाट पल्टिनु भनेको प्राविधिक मन्दी भन्दा कम पीडादायी छैन ।सङ्कट समाधानका लागि दूरगामी आर्थिक उपायहरू

नेपालको वर्तमान आर्थिक समस्या केवल क्षणिक वा चक्रीय मात्र नभई गहिरो संरचनागत प्रकृतिको पनि हो। यस चक्रब्युहबाट अर्थतन्त्रलाई बाहिर निकाल्न र आम जनता तथा निजी क्षेत्रमा नयाँ आशा जगाउन निम्नलिखित नीतिगत कदमहरू तत्काल चालिनु अपरिहार्य छः

वित्तीय नीति (fiscal Policy) मार्फत पुँजीगत खर्चको तीव्रताः मौद्रिक नीतिको मात्र भर नपरिकन सरकारले आफ्नो पुँजीगत खर्च गर्ने क्षमतामा चमत्कारिक सुधार ल्याउनुपर्छ। ठुला र रणनीतिक पूर्वाधार आयोजनाहरूलाई निर्धारित समयमै सम्पन्न गरेर बजारमा नगद प्रवाह (Cash Flow) बढाउनु पर्छ। विकास निर्माणका अधुरा आयोजनाहरूलाई पूर्णता दिएर बजारमा तरलतालाई उत्पादनमूलक रोजगारी सिर्जनामा रूपान्तरण गर्नुपर्छ।

व्यापारिक तथा लगानीमैत्री वातावरणको सिर्जनाः कर प्रणालीलाई पारदर्शी, सरल र अनुमानयोग्य बनाउने, अनावश्यक ब्युरोक्याटिक प्रक्रियालाई कटौती गर्ने र निजी क्षेत्रको मनोबल उच्च राख्न सरकार-निजी क्षेत्रबिचको अविश्वासको खाडल मेट्न उच्चस्तरीय संवाद संयन्त्र निर्माण गरिनुपर्छ। आन्तरिक उत्पादन र रोजगारीमुखी अर्थतन्त्रः आयातमुखी परनिर्भर अर्थतन्त्रलाई फेर्दै कृषि आधुनिकीकरण, जलविद्युत, पर्यटन, र साना तथा मझौला उद्योग (ःभ्क) को प्रवर्द्धनमार्फत स्वदेशमै रोजगारी सिर्जना गर्ने नीति लिइनुपर्छ।

घरेलु उत्पादनको प्रवर्द्धनमार्फत आन्तरिक अर्थतन्त्रलाई बलियो बनाउनु नै दीर्घकालीन समाधान हो।

निष्कर्ष

नेपालको वर्तमान आर्थिक समस्या केवल चक्रीय मात्र नभई संरचनागत प्रकृतिको पनि हो। समयमै उपयुक्त, साहसी र सुधारमुखी आर्थिक कदमहरू चाल्न सकिएन भने यो दीर्घकालीन शिथिलताले मुलुकलाई थप गम्भीर आर्थिक तथा सामाजिक सङ्कटतर्फ धकेल्न सक्छ।

तसर्थ, नीति निर्माता, राजनीतिक नेतृत्व र सरोकारवालाहरूको सम्पूर्ण ध्यान अर्थतन्त्रको पुनरुत्थान र निजी क्षेत्रको मनोबल उकास्न केन्द्रित हुनुपर्ने आजको आवश्यकता हो।

विश्व

मस्कले युक्रेनमा स्टारलिंक इन्टरनेट सेवामा प्रतिबन्ध लगाएको स्वीकारे, सेवा पुनः सुरु

काठमाडौं, ८ कात्तिक ।

टेस्ला र स्पेसएक्सका मालिक एलन मस्कले आफ्नो कम्पनी स्पेसएक्सले युक्रेनमा स्टारलिंक इन्टरनेट सेवाको प्रयोगमा प्रतिबन्ध लगाएको बताएका छन्।

मस्कले युक्रेनमाथि स्टारलिंकको सेवा सर्त उल्लङ्घन गरेको आरोप लगाएका छन्।

उनका अनुसार, युक्रेनले यस सेवाको प्रयोग सैन्य गतिविधिहरूका लागि गरिरहेको थियो। यद्यपि, उनले अमेरिकाको सैन्य-ग्रेड नेटवर्क स्टारसिल्डमा आएको समस्याका लागि आफू जिम्मेवार रहेको कुरालाई भने अस्वीकार गरेका छन्।

मस्कको पछिल्लो दाबीमाथि युक्रेनको तर्फबाट हालसम्म कुनै आधिकारिक जवाफ आएको छैन । तर, युक्रेनी राष्ट्रपतिका सल्लाहकार सेरही बेस्क्रेस्तनोभले मस्कको पोस्टलाई निकै अनौठो भनेका छन्।

यसअघि मस्कले जानीजानी युक्रेनको इन्टरनेट कनेक्सनको स्पिड कम गरिदिएको आरोपलाई खारेज गरेका थिए। युक्रेनको भनाइअनुसार, यस समस्याका कारण उसले एक साताभन्दा बढी समयसम्म आफ्ना रक्षात्मक सैन्य गतिविधि सञ्चालन गर्न कठिनाइको सामना गर्नुपरेको थियो।

स्टारलिंक र स्टारसिल्ड इन्टरनेट सेवाको स्पिड पुनः सुचारु भएपछि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले एक्समा पोस्ट गर्दै अमेरिकालाई धन्यवाद दिएका छन्।

उनले भनेका छन्, 'यो हाम्रो अग्रपङ्क्तिमा तैनाथ लजिस्टिक प्रणालीका लागि अत्यन्तै महत्त्वपूर्ण छ।

साथै, जेट इन्जिनबाट सञ्चालित शाहेद ड्रोन आक्रमणविरुद्ध युक्रेनको रक्षाका लागि पनि यो आवश्यक छ।

इरानबाट अमेरिकी नागरिकमाथि खतरा बढेको अमेरिकी गुप्तचर प्रमुखको चेतावनी

इरानले मध्यपूर्वसहित अन्य देशमा रहेका अमेरिकी नागरिक र अधिकारीलाई निसाना बनाउने प्रयास तीव्र पारेको अमेरिकी राष्ट्रिय गुप्तचर प्रमुख जे क्लेटनले चेतावनी दिएका छन्।

विदेशमन्त्री मार्को रुबियोलाई शुक्रबार पठाएको ज्ञापनपत्रमा क्लेटनले अमेरिकी नागरिकविरुद्ध इरानले अघि बढाएका घातक योजनाहरू मध्यपूर्व र अन्य केही देशमा उन्नत चरणमा पुगेको उल्लेख गरेका छन्। उक्त जानकारी अमेरिकी सञ्चारमाध्यम एक्सियोस, सीबीएस न्युज र एसोसिएटेड प्रेस (PkL) ले सार्वजनिक गरेका छन्।

यो चेतावनी यमनका इरानसमर्थित हूथी विद्रोहीले साउदी अरबमा आक्रमण तीव्र पारेपछि आएको हो। अमेरिकाले यसै साता साउदी अरबस्थित आफ्ना कूटनीतिक नियोगबाट गैरआवश्यक कर्मचारी र उनीहरूका परिवारलाई फिर्ता बोलाएको छ।

सुरक्षा जोखिम बढेपछि जोर्डन, लेबनान, कतार र संयुक्त अरब इमिरेट्समस्थित अमेरिकी दूतावासमा पनि कर्मचारी संख्या घटाइएको छ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सहमति नभए पुनः सैन्य कारबाही गर्न सकिने बताएका छन्। शुक्रबार फ्लोरिडामा आयोजित कार्यक्रममा उनले इरानमाथि पहिले सञ्चालन गरिएको अमेरिकी सैन्य अभियान 'एपिक फ्युरी' जस्तै अर्को कारबाही हुन सक्ने संकेत दिएका थिए। तर, त्यसको समयबारे उनले स्पष्ट पारेनन्।

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स

एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्युत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८
विमान स्थल	
सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५
दमकल	
वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१
अस्पताल	
दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अपस्ताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष — छिमेकीसँगको सामान्य गफमा निकै रमाइलो र सकारात्मक कुराकानी हुनेछ । आफ्नो मोबाइल वा ल्यापटपको डिजिटल फाइलहरू व्यवस्थित गर्नुहोस्।

वृष — बाल्यकाल वा पुराना दिनका तस्बिर हेर्दै रमाइला यादहरू ताजा गरिनेछ। कसैलाई दिने भनिएको पुरानो वाचा वा कबुल आज पूरा गर्ने अवसर जुर्नेछ।

मिथुन — सडकबाट हिँड्दा वा बाटो काट्दा सवारी साधनप्रति विशेष सतर्कता अपनाउनुहोला।

कर्कट — सामाजिक सञ्जालमा कसैसँग अनावश्यक वादविवाद वा टिप्पणी गर्नबाट टाढै बस्नुहोला। शारीरिक थकान हटाउन ध्यान गर्नुहोस्।

सिंह — सहकार्यले सफलता दिलाउनेछ । साथीभाइसंग कुनै विषयमा रमाइलो छलफल हुनेछ। मन शान्त रहनेछ। व्यापार व्यवसायमा लाभ मिल्नेछ।

कन्या — आफ्नो घरको मुख्य ढोका वरपरको सरसफाइमा विशेष ध्यान दिनुहोला। टाढाका कुनै इष्टमित्रसँग फोनमा लामो र सुखद कुराकानी हुनेछ।

तुला — तपाईंलाई आज कागजात वा पुराना प्रमाणपत्रहरू मिलाएर राख्ने जाँगर चल्नेछ । घरका साना बालबालिकाहरूलाई समय छुट्याउदाँ लाभ हुनेछ।

वृश्चिक — लामो समयदेखि बन्द गरेको कार्य सञ्चालनमा ल्याउने सोच बन्नेछ। आफ्नो कमाईको केही अंश राख्ने काम सम्पन्न हुनेछ।

धनु — कुनै नयाँ अनलाइनसँग सम्बन्धित कार्य सम्पादनमा रुचि बढ्नेछ। पुराना बिल र नचाहिने कागजपत्रहरू छानेर फाल्नुहोस्।

मकर — तपाईंको कुनै पुरानो हराएको वा बेपत्ता भएको वस्तु घरकै कुन ठाउँबाट फेला पर्नेछ। घरका ज्येष्ठ सदस्यको कुरा सुनेर आफ्नो अन्तिम निर्णय गर्नुहोला।

कुम्भ — पारिवारिक जमघट सँगै रमाइलो समय बित्नेछ। कतै यात्रामा निस्कने तयारीमा हुनुहुन्छ भने झोला पहिले नै प्याक गरेर सुरक्षित राख्नुहोला।


मीन — घरमा पाहुनाको आगमन हुनेछ । लेखन साहित्यका विषयमा रुचि जागृत हुनेछ। शारीरिक स्फूर्तिको लागि हल्का स्ट्रेचिङ वा घरभित्रै हिँडडुल गर्ने काम गर्नुहोला।

लेम्फीले ल्यायो 'एम्बिसन ह्याज नो पासपोर्ट'

युग संवाददाता
काठमाडौँ, ८ कार्तिक ।

नेपालसहित ३० भन्दा बढी देशमा रेमिट्यान्स सेवा दिँदै आएको अन्तर्राष्ट्रिय डिजिटल वित्तीय प्लेटफर्म लेम्फीले आफ्नो इतिहासकै सबैभन्दा ठूलो उत्पादन विस्तार गरेको छ।

कम्पनीले बेलायतमा बचत र क्रेडिट सेवा तथा १०० भन्दा बढी गन्तव्यका लागि डेटा ई-सिम सेवा सुरु गरेको छ। पूर्ण रूपमा नयाँ स्वरूपमा तयार पारिएको एप र 'एम्बिसन ह्याज नो पासपोर्ट' अर्थात् 'महत्वाकाङ्क्षालाई पासपोर्ट चाहिँदैन' नामको नयाँ विश्वव्यापी ब्रान्ड पनि सार्वजनिक गरिएको छ। एक वर्षअघि गत



कात्तिकमा लेम्फीले नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि ई-सेवा मनी ट्रान्सफरसँग साझेदारी गरी नेपालमा रेमिट्यान्स सेवा सुरु गरेको थियो।

लेम्फीमार्फत बुधबार जारी विज्ञप्तिअनुसार रेमिट्यान्स पठाउने सेवासँगै लेम्फीले एउटै खातामा विभिन्न वित्तीय सेवा उपलब्ध गराउने जनाएको छ। जसअन्तर्गत एउटै खातामार्फत बचत, कर्जा र कनेक्टिभिटी सेवा उपभोग गर्न सकिने तथा अफ्रिका, एसिया, युरोप र अन्य क्षेत्रका ३० भन्दा बढी देशमा पैसा पठाउन सकिने सुविधा रहेको छ।

ई-सिमको प्रयोगले अर्को देशमा जाँदा सिम फेर्नुपर्ने वा रोमिङ शुल्क तिर्नुपर्ने झन्झटबाट मुक्ति मिल्ने लेम्फीले दाबी गरेको छ।

लेम्फीले बेलायतलाई लक्षित गर्दै इन्स्ट्यान्ट एक्सेस सेभिङ्स अकाउन्टसमेत सञ्चालनमा ल्याएको छ। यसमा खाता खोलेको छ महिनासम्म ५ प्रतिशत र त्यसपछि बैंक अफ इङ्ल्यान्डको आधार दरअनुरूप ३.०४ प्रतिशत वार्षिक ब्याजदर प्राप्त गर्न सकिन्छ। लेम्फीका सहसंस्थापक तथा प्रमुख कार्यकारी अधिकृत (सीईओ) रिद्धान ओलालेरेले 'एम्बिसन ह्याज नो पासपोर्ट' ब्रान्ड प्रवासी व्यक्तिहरूको आवश्यकता र जीवनशैलीलाई सम्बोधन गर्ने गरी निर्माण गरिएको बताएका छन्।

मार्सी भित्र्याउन चटारो : जुम्लामा मार्सी उत्पादन १६ प्रतिशत बढ्ने

युग संवाददाता
जुम्ला, ८ कार्तिक ।

जुम्लाका किसानलाई दसैँ सकिएलगत्तै मार्सी धान भित्र्याउन भ्याइनभ्याइ छ। बिहानै खेतमा पुग्ने किसान साँझ अबेरसम्म धान काट्ने र घर भित्र्याउने काममा व्यस्त छन्।

रोगकिराको संक्रमणले उत्पादनमा चुनौती थपिए पनि जुम्ली किसानले पुस्तौँदेखि खेती गर्दै आएको मार्सी धान रोप्न छाडेका छैनन्। जुम्लाको पहिचान, संस्कृति र किसानको आम्दानीसँग जोडिएको मार्सी धानको बजार माग उच्च छ। यस वर्ष मौसम अनुकूल रहेकाले उत्पादनसमेत बढ्ने अनुमान गरिएको छ।

सदरमुकाम खलंगामा अहिले मार्सी चामल प्रतिकिलो एक सय ८० रुपैयाँमा किनबेच भइरहेको छ। किसानले उत्पादन गरेको अधिकांश चामल सदरमुकामका कोसेली घरमा बिक्री गर्ने गरेका छन्। कर्णाली घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकले समेत मार्सी चामल कोसेलीका रूपमा लैजाने गरेका छन्। अडिलो, स्वादिलो र पोषिलो मानिने मार्सी चामल ठूला होटलको खान्कीसमेत बनेको छ।

बजारमा राम्रो मूल्य र माग रहेकाले किसान यसप्रति आकर्षित छन्। मार्सी धानको आफ्नै कृषि चक्र छ। चैतमा बीउ राख्ने, जेठ-असारमा रोपाइँ गर्ने, साउन-भदौमा गोडमेल गर्ने र असोज-कात्तिकभित्र बाली भित्र्याउने गरिन्छ। यही चक्रअनुसार अहिले जुम्लाका धानखेतमा किसानको चहलपहल बढेको चन्दननाथ नगरपालिका-४ की देविकन्या चौलागाईले बताइन्। उनका अनुसार दसैँपछि मार्सी धान काट्ने र थन्क्याउने कामले किसानलाई व्यस्त बनाएको छ।

जुम्लाको तातोपानी, गुठीचौर, पातारासी, चन्दननाथ, सिँजा, कनकासुन्दरी र हिमा गाउँपालिकाका विभिन्न



क्षेत्रमा धानखेती हुँदै आएको छ। मार्सीसँगै किसानले कृषि अनुसन्धान केन्द्रले सिफारिस गरेका चन्दननाथ-१, चन्दननाथ-३, लेकाली-१ र लेकाली-३ जातका धानसमेत लगाउने गरेका छन्। रोगकिराको संक्रमणका कारण मार्सी उत्पादनमा उतारचढाव देखिए पनि स्थानीय पहिचान र बजारसँग जोडिएकाले यसको खेती निरन्तर भइरहेको छ।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा दुई हजार आठ सय ८८ हेक्टर क्षेत्रफलमा धानखेती हुँदा छ हजार एक सय २५ मेट्रिक टन उत्पादन भएको थियो। चालु आर्थिक वर्ष २०८३/८४ मा पनि सोही क्षेत्रफलमा धानखेती गरिएको छ।

यस वर्ष सात हजार मेट्रिक टन उत्पादन हुने अनुमान गरिएको अधिकारीले बताए। गत वर्षको तुलनामा यस वर्ष धान उत्पादन १५ देखि १६ प्रतिशतसम्म बढ्ने अपेक्षा गरिएको छ। 'यस वर्ष रोगकिराको ठूलो प्रकोप देखिएको छैन। बाढीपहिरो र असिनाजस्ता प्राकृतिक विपत्तिले पनि उल्लेख्य क्षति नगरेकाले उत्पादन बढ्ने अनुमान गरेका छौं,' अधिकारीले भने। उनका अनुसार मौसम र प्राकृतिक प्रकोपको प्रभाव कम हुनु उत्पादन बढ्ने अपेक्षाको मुख्य आधार हो। मार्सी धानको इतिहास जुम्लाको संस्कृति र परम्परासँग जोडिएको छ। करिब सात सय वर्षअघि जुम्लीका इष्टदेवता चन्दननाथले भारतको काश्मिरबाट मार्सी धानको बीउ ल्याएको विश्वास गरिन्छ। राणा शासनका बेला केन्द्रमा रहेका शासकका लागि यही धानको चामल हुलाकमार्फत काठमाडौंसम्म पुऱ्याउने गरिएको जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्य बताउँछन्।

कृषि विवरणअनुसार मार्सी चामलबाट जुम्लामा वार्षिक तीन करोड ५० लाख रुपैयाँ आम्दानी हुने गरेको छ।जुम्लामा २०२७ सालमा स्थापना भएको कृषि अनुसन्धान केन्द्रले १३ वर्षसम्म स्वदेशी तथा विदेशी जातका धानको बीउमा अनुसन्धान गरेको थियो। मार्सीको सक्कली बीउ अनुसन्धानका लागि केन्द्रमा राखिए पनि अन्यत्र हराइसकेको बताइन्छ।

समुद्र सतहबाट दुई हजारदेखि तीन हजार ५० मिटर उचाइसम्मका बँसी, मध्य तथा उच्च क्षेत्रमा धानखेती हुने गरेको छ। पातार ासी गाउँपालिका-३ स्थित छुमचौर ज्युलो समुद्र सतहबाट दुई हजार आठ सय ५० मिटर उचाइमा छ, जहाँ मार्सी धान फल्छ। उच्च भूभागमा धान फल्ने यही विशेषताले जुम्ली मार्सीलाई विशिष्ट पहिचान दिएको छ।

मार्सी धानसँगै जुम्लाका किसानलाई पाकेको कोदो, फापर, सिमी, मकै, भटमास र आलुलगायतका बाली भित्र्याउन पनि भ्याइनभ्याइ छ। यतिबेला किसान खेतबारीमा पाकेका बाली संकलन गरेर घर भित्र्याउन व्यस्त रहेको कृषि विकास कार्यालयका प्रमुख अधिकारीले बताए। तर, मार्सी धानको बजार र मूल्यले किसानलाई उत्साहित बनाइरहेका बेला जुम्लामा परम्परागत कोदोखेतीको क्षेत्रफल भने बर्सेनि खुम्चिँदै गएको छ।

अधिकारीका अनुसार आर्थिक वर्ष २०७७/७८ मा जुम्लामा तीन हजार आठ सय ४० हेक्टरमा कोदोखेती भएको थियो। आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा यसको क्षेत्रफल घटेर तीन हजार सात सय हेक्टरमा सीमित भयो। गत वर्ष दुई हजार सात सय ३५ हेक्टरमा कोदोखेती हुँदा तीन हजार आठ सय २१ मेट्रिक टन उत्पादन भएको थियो। चालु आर्थिक वर्षमा कोदोखेतीको क्षेत्रफल थप घटेर दुई हजार सात सय ३३ हेक्टरमा झरेको छ।

जुम्लामा कोदोको पिठो प्रतिकिलो एक सय ५० रुपैयाँ र कोदोको दाना प्रतिकिलो एक सय रुपैयाँमा बिक्री भइरहेको छ। सिमी दाल प्रतिकेजी २ सय ८०, दाना कालो २ सय ७० र मिक्स २ सय ५० रुपैयाँमा बिक्री भइरहेको छ।

फापरको पिठो २ सय ५० रुपैयाँ बिक्री भइरहेको छ। बजारमा राम्रो मूल्य हुँदाहुँदै पनि कोदोखेतीको क्षेत्रफल घट्दै जानुले यसको उत्पादन र संरक्षणमा चुनौती थपिएको देखाउँछ। उपलब्ध विवरणमा चालु आर्थिक वर्षको कोदो उत्पादन र उत्पादकत्व भने खुलाइएको छैन।

मार्सी धानको बढ्दो बजार माग र सम्भावित उत्पादन वृद्धिले जुम्ली किसानलाई परम्परागत खेतीप्रति उत्साहित बनाएको छ। तर, रोगकिराको जोखिम, खेतीयोग्य जमिनको उपयोग र कोदोखेतीको खुम्चिँदो क्षेत्रफलले स्थानीय कृषि प्रणालीको दिगोपनबारे प्रश्न उठाएको छ।

जुम्लाका मौलिक बालीको संरक्षणसँगै उत्पादन वृद्धि, रोगकिरा नियन्त्रण र बजार व्यवस्थापनमा ध्यान दिन सके मात्रै कृषि उपजबाट किसानको आम्दानी बढाउन सकिनेछ।

असोजमा पाँच अर्ब ९२ करोडको विद्युत् निर्यात

युग संवाददाता
जुम्ला, ८ कार्तिक ।

नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा भारततर्फ पाँच अर्ब ९२ करोड ५० लाख रुपैयाँ बराबरको विद्युत् निर्यात गरेको छ।


बाढीका कारण केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भई निर्यात प्रभावित भए पनि गत वर्षको असोज र चालु आव भदौको तुलनामा यस वर्ष असोजमा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बाढीका कारण निर्यातका लागि स्वीकृति प्राप्त केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भए पनि असोजमा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको बताए।

उनका अनुसार असोजमा भारततर्फ निर्यात गरिएको कुल विद्युत् परिमाणमध्ये करिब दुई तिहाइ द्विपक्षीय सम्झौता अनुसार र बाँकी आइएक्समार्फत बिक्री गरिएको थियो।

यसैबीच भारतको प्रसारण प्रणाली प्रयोग गरी बङ्गलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात पनि फेरि सुरु भएको छ।

प्राधिकरणको विद्युत् प्रणाली सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को तथ्याङ्क अनुसार असोजमा भारततर्फ कुल ६३ करोड ३९ लाख ८६ हजार ८ युनिट विद्युत् निर्यात भएको छ।



उक्त विद्युत् बिक्रीबाट पाँच अर्ब ९२ करोड ५० लाख रुपैयाँ बराबरको कारोबार भएको हो।

असोजमा भारततर्फ विद्युत् निर्यात दुई माध्यमबाट गरिएको थियो। द्विपक्षीय विद्युत् बिक्री सम्झौता अनुसार भारतको हरियाणा तथा विहार राज्यमा विद्युत् बिक्री गरिएको थियो भने बाँकी विद्युत् भारतीय ऊर्जा विनिमय बजार (आइएक्स) को डे-अहेड तथा रियल टाइम बजारमा प्रतिस्पर्धी दरमा बेचिएको थियो।

प्राधिकरणले देशभित्रको माग पूरा गरी बचत भएको वर्षा यामको विद्युत् प्रत्येक वर्ष भारत एवं बङ्गलादेशमा निर्यात गर्दै आएको छ। द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौता अनुसार हरियाणा तथा विहार राज्यमा जुनदेखि अक्टोबरसम्म विद्युत् बिक्री गरिन्छ।

गत वर्ष २०८२ को असोजमा भारततर्फ विद्युत् निर्यातबाट चार अर्ब ९६ करोड ३० लाख रुपैयाँ बराबरको कारोबार भएको थियो।

चालु आर्थिक वर्षको भदौमा यस्तो कारोबार रकम पाँच अर्ब नौ करोड २५ लाख रुपैयाँ थियो। यसअनुसार गत वर्षको असोजको तुलनामा यस वर्षको असोजमा निर्यात कारोबार रकम ९६ करोड २० लाखले र भदौको तुलनामा ८३ करोड २५ लाख रुपैयाँले बढेको छ। चालु आवको पहिलो तीन महिना साउन, भदौ र असोजमा विद्युत निर्यातबाट कुल १६ अर्ब १५ करोड १३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ।

बङ्गलादेशतर्फ ४० मेगावाट विद्युत् निर्यात पुनः सुरु

नेपालबाट भारतको प्रसारण संरचना प्रयोग गरी बङ्गलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात गत शुक्रबार, कात्तिक ६ गते साँझदेखि पुनः सुरु भएको छ।

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको हिमबाढीका कारण त्रिशूली नदीमा आएको बाढीले बङ्गलादेश निर्यातका लागि स्वीकृति प्राप्त त्रिशूली र चिलिमे जलविद्युत् केन्द्रमा क्षति पुर्याएपछि निर्यात रोकिएको थियो। बाढीका कारण द्विपक्षीय सम्झौताबमोजिम स्वीकृति प्राप्त जलविद्युत् केन्द्रमा क्षति पुग्दा भारतको हरियाणा राज्यतर्फको विद्युत् निर्यात आंशिक रूपमा प्रभावित भएको थियो।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट अन्य जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बङ्गलादेशतर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएपछि निर्यात पुनः सुरु भएको प्राधिकरणका कार्यकारी निर्देशक श्रेष्ठले बताए। नयाँ व्यवस्थाअनुसार त्रिशूली, देवीघाट र चिलिमे जलविद्युत् केन्द्रको सट्टा सोलु, काबेली-१ र तल्लो मोदी जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बङ्गलादेश तथा हरियाणातर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएको हो।

नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी) बीच २०८१ असोज १७ गते वर्षा यामको विद्युत् निर्यातसम्बन्धी पाँच वर्षीय सम्झौता भएको थियो। सम्झौताअनुसार प्रत्येक वर्ष जुन १५ देखि नोभेम्बर १५ सम्मको ६ महिनाको अवधिमा दैनिक ४० मेगावाट विद्युत् बङ्गलादेशमा निर्यात हुँदै आएको छ।

यसैबीच, भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट थप ३१ मेगावाट विद्युत् निर्यात अनुमति प्राप्त भएको छ। नयाँ अनुमतिसँगै भारततर्फ निर्यात गर्न स्वीकृति प्राप्त कुल विद्युत् क्षमता करिब एक हजार १७९ मेगावाट पुगेको छ।

बर्दियामा मान्छे मार्ने चितुवा नियन्त्रणमा



युग संवाददाता
बर्दिया, ८ कार्तिक ।

राजापुरमा एक व्यक्तिको ज्यान लिएको समस्याग्रस्त चितुवालाई वन प्राविधिकको टोलीले सोमबार बिहान नियन्त्रणमा लिएको छ।

राजापुर नगरपालिका-३ स्थित सामुदायिक वन क्षेत्रबाट उक्त वयस्क भाले चितुवालाई नियन्त्रणमा लिइएको डिभिजन वन कार्यालयका सूचना अधिकारी शिवबहादुर केसीले जानकारी दिए। चितुवा नियन्त्रणका लागि डिभिजन वन कार्यालय र राष्ट्रिय प्रकृति संरक्षण कोषको प्राविधिक टोली संयुक्त रूपमा परिचालन भएको थियो। गत बिहीबार राजापुर नगरपालिका-३ चख्खापुरका ४२ वर्षीय मङ्गल थारुको चितुवाको आक्रमणबाट ज्यान गएको थियो। घटनापछि त्रसित बनेका स्थानीय बासिन्दा चितुवा नियन्त्रणमा आएसँगै ढुक्क भएका छन्।

सिडिओ-प्रहरी प्रमुखविहीन भएपछि दैलेखमा उच्च सुरक्षा चुनौती

गोविन्द केसी
सुर्खेत, ८ कार्तिक ।

वर्षकै प्रमुख चाड दसैंमा शान्ति सुरक्षाको चुनौती बढ्ने भए पनि दैलेखमा प्रशासन र प्रहरी दुवै निकायका प्रमुख अनुपस्थित भएपछि सरकारी जिम्मेवारी र सुरक्षा व्यवस्थापनमाथि प्रश्न उठेको छ।

प्रमुख जिल्ला अधिकारी सरुवा भएर गएको र नयाँ नियुक्ति नहुँदा प्रशासन निमित्तको भरमा चलेको छ भने जिल्ला प्रहरी प्रमुख पनि बिदामा बसेपछि प्रहरीको नेतृत्व प्रहरी निरीक्षकले सम्हालेका छन्।

संवेदनशील समयमा जिल्लाका प्रमुख सुरक्षा अधिकारी नै अनुपस्थित भएपछि आम नागरिकले राज्यको जिम्मेवारीबोधमाथि प्रश्न उठाउँदै दुःख व्यक्त गरेका छन्।

प्रमुख जिल्ला अधिकारी (सहसचिव) आनन्द सारु सरुवा भएर गएपछि गृह मन्त्रालयले नयाँ प्रमुख जिल्ला अधिकारी पठाएको छैन्। त्यसपछि निमित्त प्रमुख जिल्ला अधिकारी (उपसचिव) महेन्द्रजंग शाहीले जिल्लाको प्रशासनिक जिम्मेवारी सम्हालिरहेका छन्।

यस्तै, जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) श्रवणकुमार विक बिदामा बसेपछि प्रहरी निरीक्षक पुष्प रोकायले निमित्तको जिम्मेवारी लिएर जिल्लाको शान्ति सुरक्षासम्बन्धी जिम्मेवारी सम्हालेका छन्।

दसैंजस्तो चाडमा नागरिकको आवतजावत, सार्वजनिक स्थलमा भीडभाड, मदिरा सेवनपछि हुने झैझगडा तथा आपराधिक गतिविधिको जोखिम बढ्ने गर्छ। यस्तो अवस्थामा प्रशासनिक निर्णय, सुरक्षा निकायबीचको समन्वय र आकस्मिक घटनामा तत्काल निर्णय लिन सक्ने नेतृत्व महत्वपूर्ण हुन्छ। तर, यही समयमा दैलेखमा प्रशासन र प्रहरीका प्रमुख अधिकारी अनुपस्थित भएपछि सुरक्षा व्यवस्थापनको तयारी र सरकारी प्राथमिकतामाथि प्रश्न उठेको हो।

नागरिक अगुवा विशाल सुनारले अभिषेक अनुरागले वर्ष दिनमा आउने दसैंमा शान्ति सुरक्षाको अग्रपंक्तिमा रहने प्रशासन र सुरक्षा निकायका प्रमुख नै जिल्लामा नहुनु दुःखद भएको बताए।

उनका अनुसार नागरिकले चाडपर्वमा सुरक्षित वातावरण र राज्यको उपस्थितिको अपेक्षा गर्छन्। यस्तो संवेदनशील समयमा प्रमुख अधिकारीको अनुपस्थितिले नागरिकमा असुरक्षाको भावना बढाउन सक्छ।

रणनीतिक र भौगोलिक हिसाबले पनि संवेदनशील जिल्ला दैलेखको सुरक्षा व्यवस्थापनलाई सामान्य प्रशासनिक जिम्मेवारीका रूपमा मात्र हेर्न मिल्दैन।

जाजरकोट-काठमाडौं अत्याधुनिक रात्रिबस सेवा सुरु

हाल ४१ सिट क्षमताका छवटा बसमार्फत सेवा सञ्चालन भइरहेको छ ।

युग संवाददाता
जाजरकोट, ८ कार्तिक ।

जाजरकोटको सदरमुकाम खलंगाबाट काठमाडौंसम्म पहिलोपटक अत्याधुनिक सुविधासहितको रात्रिबस सेवा सञ्चालनमा आएको छ। लामो दूरीको यात्रालाई सहज, सुरक्षित र आरामदायी बनाउने उद्देश्यले सुरु गरिएको सेवाले राजधानी आवतजावत गर्ने यात्रुलाई नयाँ विकल्प दिएको छ।

जाजरकोट डोल्पा यातायात सेवा प्रालि, मध्यपश्चिम यातायात सेवा प्रालि र सुर्खेत काँक्रेविहार यातायात सेवा प्रालिको संयुक्त पहलमा रात्रिबस सेवा सुरु गरिएको हो।

सेवाको उद्घाटन गर्दै प्रमुख जिल्ला अधिकारी नवराज बरालले लामो दूरीमा सञ्चालन हुने अत्याधुनिक सुविधासम्पन्न बसले यात्रुलाई सहजता प्रदान गर्नुका साथै यात्रा सुरक्षित र भरपर्दो बनाउन सहयोग पुग्ने बताए। यात्रुको सुविधालाई प्राथमिकता दिँदै गुणस्तरीय यातायात सेवा सञ्चालन गर्नु सकारात्मक भएको उनको भनाइ थियो।

जाजरकोट डोल्पा यातायात सेवा प्रालिका कार्यालय प्रमुख लोकेन्द्र चन्दका अनुसार हाल ४१ सिट क्षमताका छवटा बसमार्फत सेवा सञ्चालन भइरहेको छ। प्रतिगाडी एक करोड रुपैयाँभन्दा बढी मूल्य पर्ने बसमा यात्रुको



सुविधालाई ध्यानमा राखेर विभिन्न आधुनिक प्रविधि र सुविधा जडान गरिएको छ।

बसमा भीआईपी सिट, स्लिपर सिट, खानेपानी, सीसीटीभी क्यामेरा, एलईडी डिस्प्ले र निःशुल्क इन्टरनेटको सुविधा उपलब्ध छ।

सरकारले तोकेको जाजरकोट-काठमाडौं भाडादर चार हजार ६६ रुपैयाँ भए पनि हाल यात्रुलाई तीन हजार पाँच सय रुपैयाँमै सेवा उपलब्ध गराइएको चन्दले बताए।

हवाई यातायातको भाडा बढ्दै गएको अवस्थामा सुविधासम्पन्न बसमा तुलनात्मक रूपमा कम खर्चमा काठमाडौं जान पाउँदा खुसी लागेको स्थानीय नगेन्द्र शाहले बताए।

'तीन हजार पाँच सय रुपैयाँमै सुविधासम्पन्न बसमा काठमाडौं जान पाउनु यात्रुका लागि खुसीको कुरा हो,' शाहले भने।

हाल सदरमुकाम खलंगाबाट मात्रै सञ्चालन भइरहेको सेवा आगामी दिनमा नलगाड नगरपालिकाको तल्लुबगर र कालीमाटीसम्म विस्तार गर्ने योजना रहेको चन्दले जानकारी दिए।

साउथ अफ्रिकाका डेभिड मिलरले कर्णाली याक्सबाट एनपीएल खेल्ने

युग संवाददाता
काठमाडौं, ८ कार्तिक ।

साउथ अफ्रिकाका बायाँहाते ब्याटर डेभिड मिलरले कर्णाली याक्सबाट एनपीएल खेल्ने भएका छन्।

शुक्रबार कर्णाली याक्सले सामाजिक सञ्जालमार्फत उनलाई अनुबन्ध गरिएको औपचारिक घोषणा गरेको हो। ३७ वर्षीय मिलरले दक्षिण अफ्रिकाका लागि १८० एकदिवसीय र १४० टी-२० अन्तर्राष्ट्रिय खेल खेलेका छन्।

मिलरले एकदिवसीयमा ४ हजार ७६२ र टी-२० अन्तर राष्ट्रियमा २ हजार ८०४ रन बनाएका छन्। उनले एकदिवसीयमा आठ शतक र २४ अर्धशतक तथा टी-२० अन्तर्राष्ट्रियमा दुई शतक र नौ अर्धशतक बनाएका छन्।

हालसम्म उनले टी-२० क्रिकेटमा ५८४ खेलमा चार शतक र ५३ अर्धशतकसहित १२ हजार ४३५ रन बनाएका छन्।

सीमान्तका आवाजलाई केन्द्रमा ल्याउँदै जुम्लामा साहित्य सम्मेलन

युग गोल्डेन बुढा
जुम्ला, ८ कार्तिक ।

सीमान्तकृत भूगोल, समुदाय, भाषा र संस्कृतिका आवाजलाई राष्ट्रिय साहित्यिक तथा बौद्धिक विमर्शको केन्द्रमा ल्याउने उद्देश्यले जुम्लामा सोमबार 'सीमान्त साहित्य सम्मेलन' आयोजना हुने भएको छ ।कुटिरो रिसर्च प्रालिको आयोजनामा होटल कान्जिरोवामा बिहान १० बजे सुरु हुने सम्मेलनको मूल अवधारणा 'किनारादेखि केन्द्रसम्मको वैचारिकी' रहेको छ। आयोजकका अनुसार सम्मेलनले कर्णालीलगायत देशका विभिन्न सीमान्तकृत क्षेत्रका साहित्य, कला, संस्कृति, इतिहास र स्थानीय ज्ञानलाई राष्ट्रिय बहससँग जोड्नेछ ।आइतबार होटल दौतरीमा आयोजित पत्रकार सम्मेलनमा प्रालिका अध्यक्ष महेश नेपालीले कर्णालीको मौलिक भाषा, देउडा, लोकगीत, परम्परागत ज्ञान र जीवनपद्धतिको संरक्षण तथा प्रवर्द्धन सम्मेलनको प्रमुख उद्देश्य रहेको बताए ।सम्मेलनको उद्घाटन समारोहमा कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको विशेष उपस्थिति तथा आतिथ्यता रहनेछ। उद्घाटन सत्रमा कुटिरो रिसर्च सेन्टरद्वारा प्रकाशित लेखक लक्ष्मणबहादुर शाहीको नयाँ पुस्तक 'आधा अध्याय' को गृह विमोचनसमेत गरिनेछ ।सम्मेलनमा देशभरका साहित्यकार, लेखक, अध्येता, अनुसन्धानकर्ता, प्राध्यापक, पत्रकार तथा स्थानीय ज्ञानका जानकार सहभागी हुनेछन् । कार्यक्रममा विषयगत बहस, विचारपत्र प्रस्तुति, कविता वाचन, साहित्यिक संवाद, स्थानीय भाषा तथा लोकसाहित्यसम्बन्धी प्रस्तुति र युवा तथा विद्यार्थी अन्तरक्रियालगायत सत्र सञ्चालन गरिने आयोजकले जनाएको छ।

एनपीएलको पुरस्कार राशि घोषणा, विजेताले १ करोड ५० लाख पाउने

युग संवाददाता
काठमाडौं, ८ कार्तिक ।

नेपाल प्रिमियर लिग (एनपीएल) को विजेताले १ करोड ५० लाख रुपैयाँ पुरस्कार पाउने भएको छ। आज आयोजित पत्रकार सम्मेलनमा नेपाल क्रिकेट संघ (क्यान) का कोषाध्यक्ष पदमबहादुर खड्काले प्रतियोगिताको पुरस्कार राशिबारे जानकारी गराएका हुन्।

घोषित पुरस्कारअनुसार एनपीएलको विजेताले १ करोड ५० लाख रुपैयाँ, उपविजेताले ८० लाख रुपैयाँ र तेस्रो हुने टोलीले ४० लाख रुपैयाँ पुरस्कार पाउनेछन्। एनपीएल भोलिदेखि सुरु हुँदैछ। प्रतियोगितामा आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन्।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं।

- विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानुनबमोजिम विज्ञापन बोर्डमा सूचीकृत तथा नवीकरण हुनुपर्छ।
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकृत तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं।
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानुनको पालना गरौं।
- भ्रामक, अतिरञ्जित तथा उपभोक्ता हित विपरीतका विज्ञापन नगरौं/नगराऔं।
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्णालीका ८ पालिका अझै सडक सञ्जालबाहिर, दुर्गमको सास्ती उस्तै

युग संवाददाता
काठमाडौं, ८ कार्तिक ।

कर्णालीका ७९ स्थानीय तहमध्ये आठवटाका केन्द्र अझै राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छैनन् । डोल्पाका चार, कालीकोटका तीन र मुगुको एक पालिकाका बासिन्दा सडक पहुँचको प्रतीक्षामा छन् ।

प्रदेश सरकारका दुई कार्यकाल पूरा हुन लाग्दासमेत आठ स्थानीय तहका केन्द्र सडक पहुँचबाहिर रहनुले दुर्गम क्षेत्रको पूर्वाधार विकासमा राज्यको प्राथमिकतामाथि प्रश्न उठाएको छ । सडक अभावका कारण ती क्षेत्रका नागरिकले सामान्य प्रशासनिक कामदेखि स्वास्थ्य उपचार र खाद्यान्न ढुवानीसम्ममा कठिनाइ भोग्दै आएका छन् ।

भौगोलिक विकटता, नदीमा मोटरेबल पुल नबन्नु र निर्माणाधीन सडक आयोजनाको सुस्त प्रगतिका कारण दुर्गम बस्तीका नागरिकको दैनिकी कष्टकर बनेको छ । शे-फोक्सुण्डो गाउँपालिका-८ का वडाध्यक्ष निमा लामाका अनुसार सडक नहुँदा स्थानीयले आधारभूत सेवासमेत सहज रूपमा पाउन सकेका छैनन् । मुगुम कार्मारोङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख बलीराज बुढाले सडक अभावमा मानिस र खच्चडको सहायतामा खाद्यान्नलगायत सामग्री ढुवानी गर्नुपर्ने बाध्यता रहेको बताए । डोल्पोबुद्ध गाउँपालिकाकी उपाध्यक्ष पेम्मा धोर्चे गुरुङका अनुसार गाउँपालिका केन्द्र धोबाट सदरमुकाम दुनै पुग्न तीनदेखि पाँच दिनसम्म पैदल यात्रा गर्नुपर्ने अवस्था छ ।

भेरी करिडोरको सुस्त गतिले माथिल्लो डोल्पालाई सास्ती

डोल्पाका डोल्पोबुद्ध, काइके, छार्काताङ्सोङ र शे-फोक्सुण्डो गाउँपालिकाका केन्द्र अझै राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छैनन् । यी पालिकाका



भौगोलिक विकटता, नदीमा मोटरेबल पुल नबन्नु र निर्माणाधीन सडक आयोजनाको सुस्त प्रगतिका कारण दुर्गम बस्तीका नागरिकको दैनिकी कष्टकर बनेको छ ।

विभिन्न बस्तीबीच आवतजावत गर्नसमेत स्थानीयले पैदल यात्रा गर्नुपर्ने बाध्यता छ ।

डोल्पोबुद्धलाई सदरमुकाम दुनै हुँदै राष्ट्रिय सडक सञ्जालसँग जोड्न भेरी करिडोरअन्तर्गत सडक निर्माण भइरहेको छ । तर, कडा चट्टानी भूगोल र निर्माणको सुस्त गतिका कारण सडक विस्तारले अपेक्षित गति लिन सकेको छैन । काइके गाउँपालिकाका अध्यक्ष अंगद बुढाका अनुसार चट्टान फुटाउन विस्फोट गराउनुपर्ने भएकाले सडक निर्माण चुनौतीपूर्ण बनेको छ । दुनैदेखि लासिक्यापसम्मको खण्डमा ठेक्कामार्फत काम भइरहेको भए पनि प्रगति निकै सुस्त रहेको उनले बताए । लासिक्यापदेखि सिसोलसम्मको करिब ३५ किलोमिटर सडकखण्ड निर्माणको जिम्मा सरकारले नेपाली सेनालाई दिएको छ । सरकारले २०८२ चैतमा उक्त खण्ड निर्माणको जिम्मा सेनालाई दिने निर्णय गरेको थियो । त्यसपछि सेनाले डोल्पोबुद्ध गाउँपालिकाको धो क्षेत्रमा अस्थायी बेसक्याम्प स्थापना गरी सिसोलतर्फबाट निर्माण अघि बढाएको छ । तर, सेनाले निर्माण सुरु गरे पनि दुनै-लासिक्याप खण्डको सुस्त प्रगतिका कारण माथिल्लो डोल्पासम्म सडक पुग्ने समय निश्चित हुन सकेको छैन । भेरी करिडोरका योजना प्रमुख नरेश केशरीका अनुसार दुवै खण्डको निर्माण सम्पन्न भएपछि मात्रै माथिल्लो डोल्पाका बासिन्दालाई सदरमुकामसँग सडकमार्फत जोड्ने आधार तयार हुनेछ । भेरी करिडोरको निर्माणमा भइरहेको ढिलाइले माथिल्लो डोल्पाका नागरिकलाई खाद्यान्न ढुवानी, स्वास्थ्य उपचार र प्रशासनिक सेवाका लागि लामो दूरी पैदल हिँड्नुपर्ने बाध्यता कायमै राखेको छ । सडक नहुँदा दैनिक उपभोग्य सामग्री ढुवानी महँगो पर्ने र सरकारी सेवा प्रवाहसमेत प्रभावित हुने गरेको छ ।

मुगुमा पनि सडकको प्रतीक्षा

डोल्पाका चार स्थानीय तहजस्तै मुगुको मुगुम कार्मारोङ गाउँपालिका पनि राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छैन । मुगु सदरमुकाम गमगढीलाई चीनसँगको उत्तरी नाक्चेनाग्लासँग जोड्ने लक्ष्य राखिएको गमगढी-नाक्चेनाग्ला सडक निर्माणले गति लिन नसक्दा गाउँपालिकाका बासिन्दाले सडक पहुँचको प्रतीक्षा गरिरहेका छन् । सडक निर्माणमा ढिलाइ हुँदा स्थानीयवासीलाई खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री ढुवानी र आवतजावतमा कठिनाइ भइरहेको छ । उत्तरी नाकासम्म सडक विस्तार हुन सके चीनसँगको व्यापारिक सम्बन्ध विस्तार गर्ने सम्भावना रहे पनि अहिले आधारभूत यातायात सुविधाकै अभाव छ । सडक निर्माण पूरा भए स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन, पर्यटन विकास गर्न र सीमापार व्यापारको सम्भावना अघि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । तर, निर्माणको सुस्त गतिले यी सम्भावनालाई व्यवहारमा उतार्न चुनौती थपेको छ ।

कालीकोटका तीन पालिकामा सडक पुगेन

डोल्पाका चार र मुगुको एक स्थानीय तहसँगै कालीकोटका महावै, पलाँता र पचालझरना गाउँपालिकाका केन्द्रसम्म पनि मोटर गुड्ने सडक पुगेको छैन । कालीकोटका केही क्षेत्रमा सडक निर्माण भए पनि नदीमा मोटरेबल पुल नहुँदा सडक सञ्जालसँग जोडिन नसकेको अवस्था छ ।


पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख इन्जिनियर प्रभाकरप्रसाद सिंहले सडक नपुगेका गाउँपालिका केन्द्रसम्म पहुँच विस्तार हुन नसकेको बताए । पचालझरना गाउँपालिकाका वडा नम्बर २, ३ र ५ तथा गाउँपालिका केन्द्र पडेक्षासम्म सडक पहुँच विस्तार हुन बाँकी छ । गाउँपालिकाकी उपाध्यक्ष अल्किना बमका अनुसार कर्णाली नदीमा मोटरेबल पुल नहुँदा पालिका केन्द्र र तीनवटा वडालाई सडक सञ्जालसँग जोड्न समस्या भएको हो ।

पलाँता गाउँपालिकामा पनि कर्णाली नदीमा पुल नहुनु सडक पहुँच विस्तारको मुख्य अवरोध बनेको छ । स्थानीय तहले आन्तरिक सडक निर्माण गरे पनि नदी पार गर्ने मोटरेबल पुल नहुँदा ती सडक राष्ट्रिय सडक सञ्जालसँग जोडिन सकेका छैनन् ।

स्थानीय तहले सडक खने पनि पुल नबन्दा त्यसको उपयोग हुन नसक्ने अवस्थाले पूर्वाधार निर्माणमा गरिएको लगानीको प्रभावकारितामाथि समेत प्रश्न उठाएको छ । सडक निर्माण र पुल निर्माणलाई एकीकृत योजनाका रूपमा अघि बढाउन नसक्दा नागरिकले यातायात सुविधा पाउन सकेका छैनन् ।

सडक विस्तार मात्रै होइन, प्राथमिकता र कार्यान्वयन

कर्णालीका आठ स्थानीय तह सडक सञ्जालबाहिर रहनु यातायात सुविधाको अभावमा मात्र सीमित छैन । यसले नागरिकको प्रशासनिक सेवामा पहुँच, स्वास्थ्य उपचार, खाद्यान्न आपूर्ति र स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष असर पारेको छ । सडक नहुँदा निर्माण सामग्री ढुवानी महँगो पर्ने, स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन कठिन हुने र सरकारी कर्मचारीलाई दुर्गम बस्तीमा सेवा प्रवाह गर्न समस्या हुने गरेको छ ।



९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर


हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश ल्याङ्गिज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

RARA Printing Pvt.Ltd.
पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।